भद्रपुर नगरपालिका

**स्थानीय राजपत्र**

प्रदेश नं१ झापा नेपाल .

भद्रपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ४ भद्रपुर, फागुन १९ गते, २०७७ साल, संख्या १०

**भाग २**

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको कार्यबिधि सर्वसाधारणका लागि प्रकाशन गरिएको छ ।

# भद्रपुर नगरपालिकाको खानेपानी सेवा संचालन कार्यबिधि, २०७७

*स्वीकृत मिति २०७७/१०/२३*

*प्रमाणीकरण मिति २०७७/११/१८*

# प्रस्तावना

भद्रपुर नगरपालिका क्षेत्रमा खानेपानी सेवा उपलब्ध गराउने सेवा प्रदायकद्वारा संचालन गरिएका खानेपानी सेवाको अनुगमन, मूल्यांकन, सुपरिवेक्षण, नियमन एवं समन्वय गर्दै त्यस्तो सेवा संचालनमा गुणस्तरीयता, नियमितता, एकरुपता, पारदर्शिता एवं जवाफदेहिता कायम गरी खानेपानी सेवा प्रवाहलाई गुणस्तरीय, भरपर्दो एवं सर्वसुलभ बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) ध मा व्यवस्था भए बमोजिम कार्यविधि बनाई कार्यान्वयन गर्न आवश्यक भएकोले सोही ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भद्रपुर नगर कार्यपालिकाले यो कार्यबिधि स्वीकृत गरी जारी गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम बिस्तार र प्रारम्भ :**

(१) यो कार्यबिधिको नाम "भद्रपुर नगरपालिकाको खानेपानी सेवा संचालन कार्यबिधि,२०७७" रहेको छ ।

(२) यो कार्यबिधि भद्रपुर नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भई प्रमाणीकरण भएको मितिदेखि प्रारम्भ हुनेछ ।

३. यो कार्यबिधि भद्रपुर नगरपालिका क्षेत्रभित्र लागु हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा :-

क) "विभाग" भन्नाले खानेपानी तथा ढल निकास विभाग सम्झनुपर्दछ ।

ख) "सेवाप्रदायक" भन्नाले खानेपानी प्रणालीबाट उपलब्ध हुने खानेपानी सेवाको संचालन गर्ने उपभोक्ता संस्था, नगरपालिका, निजि संचालक वा अन्य यस्तै संघ, संस्था, वा निकायलाई सम्झनु पर्दछ ।

ग) "नगरपालिका" भन्नाले भद्रपुर नगरपालिकालाई सम्झनु पर्छ ।

घ) "प्रमुख" भन्नाले :- भद्रपुर नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

ङ) "उपप्रमुख" भन्नाले :- भद्रपुर नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले :- भद्रपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

छ) “खानेपानी प्रणाली” भन्नाले कम्तीमा पचासवटा धारा मार्फत सेवा उपलब्ध गराउने सार्वजनिक प्रकृतिको खानेपानी प्रणाली सम्झनु पर्दछ ।

ज) “ग्राहक” भन्नाले खानेपानी प्रणालीबाट खानेपानी सेवा प्राप्त गर्ने उपभोक्ता सम्झनु पर्दछ ।

झ) “खानेपानी” भन्नाले घरेलु तथा औद्योगिक उपयोगका लागि आपुर्ति गरिने पानी सम्झनु पर्दछ ।

ञ) “स्रोत” भन्नाले भू-सतह वा भूमिगत रुपमा रहेको खानेपानीको स्रोत सम्झनु पर्दछ ।

ट) “संरचना” भन्नाले स्रोतबाट पानी जम्मा गर्न, नियन्त्रण गर्न, शुद्धिकरण गर्न वा वितरण गर्न बनाइएको जलाशय र जलाशयले चर्चेको क्षेत्र सम्झनु पर्दछ, सो शब्दले त्यस्तै उद्देश्यले बनाइएको पानी टचांकी, पाइप लाइन, निकास, धारा वा त्यस्तै प्रकारका अन्य संरचनालाई समेत जनाउँछ ।

ठ) “परियोजना” भन्नाले अनुमति प्राप्त व्यक्ति वा संस्थाले संचालन गर्ने खानेपानी परियोजना सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले उपभोक्ता संस्थालाई हस्तान्तरण गरेको परियोजना वा उपभोक्ता संस्था आफैले विकास गरी संचालन गरेको परियोजना समेतलाई जनाउँछ ।

ड) “पानी आपूर्तिकर्ता” भन्नाले उपभोक्तालाई खानेपानी आपूर्ति गर्ने सेवा प्रदायक संस्था वा अनुमति प्राप्त व्यक्ति सम्झनु पर्दछ ।

ढ) “सेवा” भन्नाले पानी आपूर्तिकर्ताले उपभोक्तालाई उपलब्ध गराएको खानेपानी सेवा सम्झनु पर्छ ।

ण) “उपभोक्ता” भन्नाले पानी आपूर्तिकर्ताले उपलब्ध गराएको सेवा उपभोग गर्ने व्यक्ति वा निकाय सम्झनु पर्छ ।

त) “सेवा शुल्क” भन्नाले सेवा उपभोग गरेवापत उपभोक्ताले पानी आपूर्तिकर्तालाई बुझाउनु पर्ने सेवा शुल्क सम्झनु पर्छ र सो शब्दले विलम्ब शुल्क समेतलाई जनाउँछ ।

थ) “नगरपालिका” भन्नाले भद्रपुर नगरपालिका सम्झनु पर्छ ।

द) “महसुल” भन्नाले पानी उपभोग गरेवापत उपभोक्ताले पानी आपूर्तिकर्तालाई मासिक रुपमा बुझाउनु पर्ने शुल्क सम्झनु पर्छ र सो शब्दले विलम्ब शुल्क, जरिवाना वा जडान शुल्क समेतलाई जनाउँछ ।

## परिच्छेद २

## उद्देश्य

**३. उद्देश्य :**

भद्रपुर नगरपालिकाको खानेपानी सेवा संचालन कार्यबिधि, २०७७ को उद्देश्य देहाय अनुसार रहेकोछ ।

(क) भद्रपुर नगर क्षेत्रभित्र रहेका नगरबासीहरुलाई सर्वसुलभ रुपमा स्वच्छ र गुणस्तरीय पानी आपूर्तिको व्यवस्था मिलाउनु ।

(ख) नगरबासीहरुलाई सर्वसुलभ रुपमा खानेपानी उपलब्ध गराउन थप संरचनाहरुको व्यवस्था गर्नु ।

## परिच्छेद ३
## नगरपालिकाको दायित्व सम्बन्धी व्यवस्था

**४. नगरपालिकाको दायित्व हुने**

(१) नगरपालिकाले नगर क्षेत्रभित्र रहेका खानेपानीका सेवा प्रदायक संस्थाहरुको सेवामा प्रभावकारीता ल्याउन निम्नानुसार दायित्व पुरा गर्नेछ ।

(क) खानेपानी सेवा संचालन सम्बन्धमा सेवाप्रदायकले गरेका कामकारवाहीको नियमित रुपमा निरीक्षण, अनुगमन, मूल्यांकन, सुपरिवेक्षण तथा नियमन गरी सेवाप्रदायकलाई आवश्यकतानुसार निर्देशन एवं सुझाव दिने तथा त्यस्ता सेवा प्रदायकको कामकारवाहीमा आवश्यक समन्वय गर्ने,

(ख) खानेपानी प्रणालीको नियमित रुपमा मर्मत संभार भए नभएको जाँच गर्ने, गराउने,

(ग) सेवाप्रदायकले आफ्नो विधानमा व्यवस्था भए बमोजिम वार्षिक साधारण सभा, कार्यकारी समितिको आवधिक निर्वाचन एवं वार्षिक लेखापरिक्षण गरे नगरेको सम्बन्धमा जाँचबुझ गरी त्यस्ता कार्यहरु नियमपूर्वक नगरिएको भए गर्न गराउन सम्बन्धित सेवाप्रदायकलाई निर्देशन दिने,

(घ) सेवाप्रदायकले ग्राहकबाट असूलउपर गरी लिएको महशुल रकमको उपयोगका सम्बन्धमा जानकारी लिई आवश्यक निर्देशन एवं सुझावहरु दिने,

(ङ) सेवाप्रदायकले आफ्नो विधान, प्रचलित कानून, नेपाल सरकारको नीति निर्णय एवं विभागले दिएका निर्देशन एवं सुझावहरु बमोजिम कार्य संचालन गरे नगरेको सम्बन्धमा अनुगमन गरी कार्यान्वयनको लागि आवश्यकतानुसार निर्देशन दिने,

(च) खानेपानी सेवालाई चुस्त,दुरुस्त, प्रभावकारी एवं गुणस्तरीय बनाउने प्रयोजनको लागि आवश्यकता अनुसार सेवाप्रदायकलाई निर्देशन दिने,

छ) खानेपानी प्रणालीबाट उपलब्ध सेवाको स्तरीयता अभिवृद्धिका लागि सेवाप्रदायकले बनाएको अल्पकालिन एवं दीर्घकालिन योजना सम्वन्धमा आबश्यक सुझाव वा निर्देशन दिने,

ज) सेवाप्रदायकको क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने,

झ) वर्ष भरिमा सेवा प्रदायकको काम कारवाहीको बारेमा यस कार्यबिधि बमोजिम त्यस्ता सेवा प्रदायकबाट प्रतिबेदन लिइ आवश्यक सहयोग तथा निर्देशन दिने ।

ट) सेवाप्रदायकबाट समय समयमा माग भएका प्राविधिक एवं व्यवस्थापकिय विषयमा आवश्यक सहयोग, सल्लाह एवं सुझाव दिने,

ठ) विधानमा तोकिएको समयभित्रै वार्षिक लेखापरिक्षण नगराउने सेवा प्रदायकलाई नगरपालिकाले निश्चित समयावधि तोकि लेखापरिक्षण गराउन निर्देशन दिने ।

ड) नगर क्षेत्रभित्र संचालन गरिने खानेपानी सम्बन्धि संरचनाहरुको निर्माण संचालन तथा मर्मतका लागि सहयोग गर्ने ।

## परिच्छेद ४

## सेवा प्रदायक संस्थाको दायित्व सम्बन्धि व्यवस्था

**५. आवधिक निर्वाचन गराउनुपर्ने :**

(१) प्रत्येक सेवाप्रदायकले खानेपानी आपूर्ति सम्बन्धि बिधान बनाई साधारण सभाबाट स्वीकृत गरी एकप्रति विधान नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(२) सेवा प्रदायकले विधानमा उल्लेख भए बमोजिम तोकिएको समयभित्र कार्यकारी समितिको आवधिक निर्वाचन अनिवार्य रुपमा सम्पन्न गरी निर्वाचन सम्पन्न भएको पन्ध्र दिनभित्र त्यसको जानकारी नगरपालिकामा पठाउनु पर्नेछ ।

(३) निर्बाचित कार्यकारी समितिले नगरपालिकासँग समन्वय गरी निम्नानुसारका काम, कर्तव्यहरु गर्नु गराउनु पर्नेछ ।

(क) सेवाप्रणालीको निर्माण, विस्तार, सुधार तथा पुनर्स्थापना गर्ने गराउने,

(ख) सेवाको उपयोग सम्बन्धी नीति बनाई कार्यान्वयन गर्ने गराउने र त्यस्तो नीति नगरपालिकामा पेश गर्ने,

(ग) खानेपानीको दुरुपयोग रोक्ने तथा खानेपानी प्रदूषित हुन नदिने,

(घ) खानेपानीको स्रोत, वितरण तथा सरसफाई सम्बन्धमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने गराउने,

(ङ) सेवा प्रणाली सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजना तयार गरी नगरपालिकामा पेश गरी कार्यान्वयन गर्ने गराउने,

(च) सेवा सञ्चालनको लागि आवश्यक पर्ने लगानी निश्चित गरी नगरपालिकाको समन्वयमा सोको योजना तयार गर्ने र आर्थिक स्रोतको व्यवस्था गर्ने गराउने,

(छ) सेवाको विस्तार तथा विकासका लागि आवश्यक पर्ने रकमको व्यवस्थापनका लागि नगरपालिका समक्ष पेश गर्ने ,

(ज) प्रचलित कानून बमोजिम सेवाको महसुल दर निर्धारण गरी सो को जानकारी नगरपालिकामा गराउने,

(झ) गुणस्तरयुक्त र प्रभावकारी सेवा प्रदान गर्न आवश्यक प्रबन्ध गर्ने,

(ञ) उपभोक्तालाई प्रदान गर्ने सेवा बापत निर्धारित महसुल असूल गर्ने गराउने,

(ट) सेवाप्रदायकले सेवा प्रदान गर्दा कुनै उपभोक्तालाई पिरमर्का पर्न गएमा सो उपर सुनुवाई गरी उपयुक्त निर्णय दिने,

(ठ) सेवा सञ्चालनका लागि आवश्यक पर्ने तोकिए बमोजिमका अन्य काम गर्ने ।

## ६. नगरपालिकामा दर्ता गर्नुपर्ने

(१) नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका र पछि संचालनमा आउने खानेपानी सेवा उपलब्ध गराउने सेवा प्रदायक संस्थाहरुले नगरपालिकामा अनिवार्य रुपमा दर्ता गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता गर्न संस्थाको बिधान, कार्य समितिका सदस्यहरुको नामावली र संस्थाको निर्णय सहित देहाय अनुसारको दस्तुर बुझाउनु पर्नेछ ।

(क) ५०० जना सम्म उपभोक्ता सदस्य भएको संस्था दर्ताको लागि रु १५००।-

(ख) ५०१ देखि १००० जना उपभोक्ता सदस्य भएको संस्था दर्ताको लागि रु ३०००।-

(ग) १००१ देखि जतिसुकै उपभोक्ता सदस्य भएको संस्था दर्ताको लागि रु ५०००।-

(३) संस्था/समिति दर्ताको लागि पेश गर्ने निवेदन, दर्ता प्रमाण पत्र, नवीकरणको लागि दिने निवेदन र नवीकरण प्रमाण पत्रको ढाँचा अनुसूची १, २, ३ र ४ मा उल्लेख भए अनुसार हुनेछ । साथै कार्यालयमा रहने दर्ता अभिलेखको ढाँचा अनुसूची-५ बमोजिम हुनेछ ।

(४) यस कार्यबिधिको कार्यान्वयनको सिलसिलामा नगरपालिकाले आवश्यक पर्ने अन्य अनुसूचीहरु तयार गर्न सक्नेछ ।

(५) उपदफा (१) अनुसार दर्ता भएका संस्थाहरुले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ९० (नब्बे) दिनभित्र रु १०००।-(एक हजार) दस्तुर बुझाई संस्था नवीकरण गर्नु पर्नेछ । तोकिएको मितिभित्र नवीकरण नगर्ने संस्थाले थप ९० (नब्बे) दिनभित्र नवीकरण गर्न आएमा दोब्बर दस्तुर लिई नवीकरण गर्न सकिनेछ ।

(६) खानेपानी संस्था/समितिको दर्ता र नवीकरण दस्तुर, विलम्ब शुल्क तथा जरिवाना भद्रपुर नगरपालिकाको आर्थिक ऐन अनुसार प्रत्येक आर्थिक वर्षमा थपघट हुन सक्नेछ ।

**७. लेखापरिक्षण गराउनुपर्नेः**

(१) प्रत्येक सेवाप्रदायकले आफनो विधानमा व्यवस्था भए बमोजिम आफ्नो आर्थिक कारोबारको वार्षिक लेखापरिक्षण अनिवार्य रुपमा गराउनु पर्नेछ ।

(२) सेवा प्रदायकले उपदफा (१) बमोजिम सम्पन्न गरेको वार्षिक लेखापरिक्षण प्रतिवेदन साधारण सभावाट अनुमोदन गराई त्यसरी अनुमोदन भएको मितिले (१५) पन्ध्र दिनभित्र एकप्रति नगरपालिकामा पेश गर्नु पर्नेछ ।

**८.सेवा उपलब्ध गराउने आधारः-** खानेपानी सम्बन्धी सेवा प्रदायक संस्थाले सेवा उपलब्ध गराउँदा देहायका बिषयलाई आधार बनाउँनु पर्नेछ ।

(क) भौगोलिक स्थिति,

(ख) जनसंख्या,

(ग) स्रोतमा उपलब्ध हुन सक्ने पानीको परिणाम,

(घ) संरचनाको क्षमता,

(ङ) अन्य प्राबिधिक कुराहरु

**९. खानेपानी सेवा उपलब्ध गराउने प्राथमिकताका आधार**

(१) सेवा प्रदायकले देहायबमोजिमको प्राथमिकताका आधारमा खानेपानीसेवा उपलब्ध गराउनु पर्नेछ ।

क. स्वास्थ्य चौकी, अनाथलय, बृद्धाश्रम तथा सामाजिक संस्था,

ख. कुनै प्राकृतिक वा दैवी प्रकोपका कारणले अस्थायी रुपमा खडा गरिएको शिविर,

ग. सार्वजनिक तथा सामाजिक सेवा प्रबाह गर्ने कार्यालयहरु,

घ. सर्वसाधारण नागरिकको आवास गृह,

ङ. सार्वजनिक महत्वको निर्माण कार्य ।

**१०.सम्पत्तिको व्यवस्थापन तथा संरक्षण गर्नुपर्ने :**

(१) सेवाप्रदायकले खानेपानी वितरण प्रणालीसंग सम्बद्ध सबै प्रकारका सम्पत्तिको व्यवस्थापन तथा संरक्षण गर्नुपर्नेछ ।

(२) सेवाप्रदायकले खानेपानी वितरण प्रणालीमा प्रयोग भएका जुनसुकै प्रकारका सम्पत्ति मास्न, नष्ट गर्न, कसैलाई हस्तान्तरण गर्न, अन्य प्रयोजनको लागि प्रयोग गर्न वा अन्य कसैलाई बिक्री वितरण गर्न पाउने छैन ।

(३) सेवाप्रदायकले उपदफा (२) विपरीत हुने गरी कुनै काम कारवाही गरेको पाइएमा भद्रपुर नगरपालिकाले सुधार गर्नको लागि आवश्यक निर्देशन दिन सक्नेछ ।

**११. खानेपानी वितरण प्रणालीको संरचनामा सेवा प्रदायक तथा उपभोक्ताले गर्न नहुने कामहरु :**

(१) खानेपानीको मुहान, जलभण्डार (रिजरभ्वायर) वा खानेपानी तथा ढल निकास सम्बन्धी अन्य कुनै संरचना विगार्न, तोडफोड गर्न वा त्यसमा कुनै किसिमले क्षति पुऱ्याउन,

(२) खानेपानी प्रदूषण गर्न,

(३) सेवा प्रदायकको अनुमति नलिई खानेपानीको पाइप लाइनबाट धारा जडान गर्न,

(४) सेवा प्रदायक लाई सूचना नदिई खानेपानीको मिटर झिकी पानी उपभोग गर्न,

(५) खानेपानीको पाइप लाइनबाट कुनै यन्त्र जडान गरी पानी तान्न,

(६) खानेपानीको मिटर तोडफोड गर्न वा बिगार्न,

(७) खानेपानी सम्बन्धी सेवा प्रदायकले गर्ने काम कारबाहीमा बाधा बिरोध गर्न,

(८) पानी वितरण गर्न वा ढल निकासको लागि बिछ्याइएको पाइप लाइनमा क्षति पुग्ने गरी कुनै निर्माण कार्य गर्न ।

**१२. महसुल तथा जडान शुल्क सम्बन्धी व्यवस्था :**

(१) सेवाप्रदायकले खानेपानी सेवा उपलब्ध गराए वापत साधारण सभाबाट पारित ग्राहकसंग लिने महसुल तथा जडान शुल्क सम्बन्धी विवरणको जानकारी नगरपालिकामा पठाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको महसुल तथा जडान शुल्क सम्बन्धी विवरणमा सारभूत रुपमा परिवर्तन गर्न आवश्यक देखेमा नगरपालिकाले पुनरावलोकन गर्नको लागि सम्बन्धित सेवाप्रदायकलाई सुझाव दिन सक्नेछ ।

**१३.साधारण सभा सम्बन्धि व्यवस्था :**

(१) सेवाप्रदायक संस्थाले आर्थिक वर्ष समाप्त भएको चार महिना भित्र साधारणा सभा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको साधारणा सभामा सेवा प्रदायक संस्थाको वार्षिक प्रगति प्रतिबेदन, लेखापरिक्षण प्रतिबेदन, महसुल निर्धारण सम्बन्धि प्रतिबेदन, कर्मचारी दरबन्दी थपघट सम्बन्धि प्रतिबेदन पेश गरी पारित गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पारित प्रतिबेदन सहित साधारण सभाका निर्णयहरु नगरपालिकामा पेश गर्नु सेवा प्रदायकको कर्तव्य हुनेछ ।

## परिच्छेद ५

## अनुगमन तथा सुपरिवेक्षण समितिको व्यवस्था

**१४. अनुगमन तथा सुपरिवेक्षण समिति :**

(१) भद्रपुर नगर क्षेत्रभित्र रहेका खानेपानीको सेवा संचालन गरिरहेका सेवा प्रदायक संस्थाहरुको सेवा प्रवाह, भौतिक संरचना, पानीको गुणस्तर जस्ता बिषयहरुको अनुगमन गर्न देहाय अनुसारको नगर स्तरीय  अनुगमन तथा सुपरिवेक्षण समिति रहनेछ ।

नगर उपप्रमुख ................................................................ संयोजक

नेपाल खानेपानी संस्थानको स्थानीय प्रतिनिधि एक जना ............... सदस्य

सम्बन्धित वडाको वडा अध्यक्ष ............................................... सदस्य

नगरपालिकाको वातावरण शाखाको प्रमुख ...............................सदस्य सचिब

(२) दफा १२ को उपदफा (१) बमोजिम गठित अनुगमन तथा सुपरिवेक्षण समितिले तयार पारेको अनुगमन सम्बन्धि प्रतिबेदन निर्देशक समितिमा पेश गर्नु पर्नेछ ।

(ग) निर्देशक समितिले आफु समक्ष प्राप्त भएको प्रतिबेदन नगर कार्यपालिकाको बैठकमा पेश गरी निर्णय भए अनुसार कार्यन्वयन गर्न सहयोग गर्नु पर्नेछ ।

## १५. नगरस्तरीय निर्देशक समिति :

(१) भद्रपुर नगरपालिका क्षेत्रभित्र संचालन भएका तथा संचालन हुने खानेपानी सम्बन्धि सेवा प्रदायक संस्थाहरुको बिस्तार, सेवामा गुणस्तरीयता, थप संरचनाहरुको विकास गरी नगरबासीलाई शुद्ध खानेपानी उपलब्ध गराई त्यस्ता संस्थाहरुको समग्र विकासमा सहयोग पुर्‍याउन देहाय अनुसारको नगर स्तरीय निर्देशक समिति रहनेछ ।

नगर प्रमुख ..................................................संयोजक

नगर उपप्रमुख ...............................................सदस्य

प्रमुख प्रशासकीय अधिकृत...................................सदस्य

कार्यापालिका सदस्य मध्येबाट एक जना ................सदस्य

प्रशाासन शाखा प्रमुख ..................................सदस्य सचिब

(२) निर्देशक समितिको बैठक आवश्यकता अनुसार संयोजकको निर्देशनमा सदस्य सचिबले बोलाउनेछ ।

(३) बैठक सम्बन्धि कार्यबिधि निर्देशक समिति आफैंले व्यवस्थापन गर्नेछ ।

(४) निर्देशक समितिको बैठकमा विज्ञलाई आमन्त्रित गरी राय सुझाब लिन सकिनेछ ।

(५) नगर क्षेत्रभित्र रहेका भू-सतह तथा भूमीगत जलस्रोतको बिषयमा कुनै दुई वा दुईभन्दा बढी सेवा प्रदायक संस्थाबीच विवाद भएमा निर्देशक समितिले सहजिकरण गरी विवाद समाधान गर्न सहयोग गर्नेछ ।

## परिच्छेद ६

# बिबिध

**१६.बिनियम बनाउन सक्ने :**

(१) यो कार्यबिधिको कार्यन्वयनका लागि नगरपालिकाले विनियम बनाउन सक्नेछ ।

**१७. बाधा अड्काउ फुकाउने :**

(१) यस कार्यबिधिको कार्यान्वयनको सिलसिलामा कुनै कठिनाई वा बाधा आई परेमा सो बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

(२) नगर कार्यपालिका बैठकले बाधा अड्काउ फुकाउने विषयमा गरेको निर्णयको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ । यसरी भएको निर्णय यो कार्यबिधिको अङ्ग मानिनेछ ।

**१८. कार्यविधिमा संशोधन**

(१) यस कार्यबिधिमा भए रहेका प्रावधानहरुको संसोधन, थपघट तथा खारेज गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

(२) यस कार्यबिधिमा भएका प्रावधानहरु प्रचलित कानूनसँग बाझिएको पाइएमा बाझिएको हदसम्म अमान्य हुनेछन् ।

**१९. बचाउ**

(१) भद्रपुर नगरपालिकाकबाट खानेपानी सेवा संचालन सम्बन्धी यस अघि भए गरिएका कामहरु यसै कार्यबिधि बमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची १

(कार्यविधिको दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

( **खानेपानी संस्था/ समिति दर्ताको लागि पेश गर्ने निवेदनको नमूना** )

मितिः-

श्रीमान प्रमुख प्रसासकिय अधिकृत ज्यू
भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

विषयः खानेपानी संस्था/ समिति दर्ता गरीपाउँ ।

प्रस्तुत विषयमा यस भद्रपुर न.पा. वडा नं. ........... रहेको ..................... खानेपानी संस्था/समितिको विधानको छाँयाप्रति ..१ र कार्य समितिका पदाधिकारीहरुको नामावलीसहित संलग्न राखी नियामानुसार खानेपानी संस्था दर्ता गरीदिनुहुन यो निवेदन पेश गरेको छु । नियामानुसार संस्था दर्ता गरीपाउँ ।

निवेदक

संस्थाको नाम ...................................
अध्यक्षको नाम........................................
हस्ताक्षर.....................................
मिति ............................................

# अनुसूची २

( कार्यविधिको दफा ६ को उपदफा (३) सँग सम्बन्धित )

( खानेपानी संस्था/ समिति दर्ता प्रमाणपत्रको नमूना )

मितिः-

**विषयः - खानेपानी संस्था दर्ता प्रमाणपत्र ।**

संस्थाको नाम श्री ..................................

संस्थाको ठेगाना :-भद्रपुर न.पा. वडा नं .............झापा

प्रस्तुत विषयमा भद्रपुर न.पा. वडा नं. ...... मा रहेको ....................... खानेपानी संस्था /समितिको मिति २०७..../...../ मा यस कार्यालयमा प्राप्त माग निवेदन अनुसार भद्रपुर नगरपालिकाको खानेपानी सेवा संचालन सम्बन्धि कार्यबिधि, २०७७ को दफा ६ बमोजिम उक्त संस्था यस नगरपालिकामा द.न. ............ मिति........................मा दर्ता भएको हुँदा यो दर्ता प्रमाण पत्र दिईएको व्याहोरा अनुरोध छ ।

प्रमाणपत्र प्रदान गर्नेको

हस्ताक्षर
नाम, थर
पद

**बोधार्थ :**

श्री .........नं.वडा समितिको कार्यालय
भद्रपुर न. पा. झापा ।

# अनुसूची ३

( कार्यविधिको दफा ६ को उपदफा  (३) सँग सम्बन्धित)

खानेपानी संस्था/समिति नवीकरण गर्न दिने निवेदनको नमूना )

मितिः-

श्री भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा ।

**विषय : खानेपानी संस्था नवीकरण गरी पाउँ ।**

प्रस्तुत विषयमा यस भद्रपुर न.पा. वडा नं. ……….. रहेको ………………… खानेपानी संस्था/समिति यस नगरपालिकामा दर्ता रही संचालनमा रहेको हुँदा उक्त खानेपानी संस्था/समितिलाई नियामानुसार नवीकरण  गरिदिन हुन यो निवेदन पेश गरेका छौ । नियामानुसार नवीकरण  गरी पाउँ ।

निवेदक

अध्यक्षको नाम……………………………

संलग्न कागजात

हस्ताक्षर

संस्थाको नाम ……………………………

मिति ……………………………………

# अनुसूची-४

( कार्यविधिको दफा ६ को उपदफा (३) सँग सम्बन्धित )

खानेपानी संस्था/ समिति नवीकरण प्रमाणपत्रको नमूना )

मितिः-

**<u>विषय : - खानेपानी संस्था/समिति नवीकरण गरिएको बारे ।</u>**

खानेपानी संस्था/समितिको नाम श्री ...................................

ठेगाना :-भद्रपुर न.पा. वडा नं .............झापा

प्रस्तुत विषयमा भद्रपुर नगरपालिकामा दर्ता भएको ....................................... खानेपानी संस्थाले नियामानुसार नवीकरणका लागि निवेदन दिनु भएको हुदाँ देहाय अनुसार उक्त संस्था नवीकरण गरिएकोछ ।

| क.स. | नवीकरण को मिति | र.नं. | नवीकरण शुल्क | नवीकरण भएको अवधि | प्रमाणीत गर्नेको दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

# अनुसूची ५

( कार्यविधिको दफा ६ को उपदफा (३) सँग सम्बन्धित )

खानेपानी संस्था/ समिति दर्ता अभिलेखको नमूना )

मितिः-

| दर्ता नं. | मिति | खानेपानी संस्था/ समितिको नाम | ठेगाना | सदस्य संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आज्ञाले

होमनाथ भट्टराई

प्रमुख प्रशासकीय अधिकृत